# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः८) पञ्चकन्या, माघ महिना २९ गते, २०८१ साल (संख्याः १०**

**भाग–२**

**सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन गर्नको लागि विद्यालयलाई अनुदान प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०८१**

नेपाल सरकार, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तय गरेको **सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना २०२३-२०२८** अन्तर्गत आ. व. २०८१/८२ मा नेपाल सरकारबाट शशर्त कार्यक्रम तर्फ यस गाउँपालिकालाई हस्तान्तरण भएको **कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यकम कार्यान्वन गर्नको लागि यस गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा अनुदान रकम पठाउने प्रयोजनको लागि यो मापदण्ड बनाईएको छ।**

**अनुदान रकम खर्च गर्न सकिने क्षेत्रः** नेपाल सरकारको सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन सहजीकरण पुस्तिकामा व्यवस्था भएबमोजिम,शिक्षक क्षमता विकास, विद्यार्थी निदानात्मक परीक्षा, सिकाइ प्रवर्धन लगायतका क्षेत्रमा विद्यालयहरुले खर्च गर्नुपर्नेछ।

**विद्यालयले सिकाइ आपूरण गर्न अपनाउन सक्ने सम्भावित रणनितिहरुः**

- विद्यार्थी मेन्टरिङ र सहपाठी सिकाइ
- स्वनिर्देशित सिकाइ
- क्रमिक सिकाइ रणनिति
- विद्यार्थीको उपयुक्त समय/अवस्थामा सिकाइ
- परियोजनामा आधारित सिकाइ
- असमकालिक सिकाइ
- सिकाइ चौतारी
- टोल शिक्षा
- संघीय सरकारले तय गरेका सम्बन्धित अन्य मापदण्ड

**विद्यालयले कार्यप्रगति पेश गर्नुपर्नेः**सिकाइ आपूरण र द्रुत सिकाइको लागि भएका कार्य र प्रगति विवरण पेश गर्नुपर्नेछ।

**(IEMIS)मा रिपोर्टिङ गर्नुपर्नेः** विद्यार्थीको प्रारम्भिक अवस्था र सिकाई आपूरणको प्रयास पछिको अवस्था एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा प्रविष्टी गर्नुपर्नेछ।

**अनुदान निकासा गर्नेः**

कार्यक्रम कार्यान्वयन गर्न आवश्यक अनुदानको ५०% रकम अग्रिम रुपमा र बाँकी ५०% रकम (IEMIS) मा विद्यार्थी सक्षमताको पुर्व मूल्याङ्कनको प्रतिवेदन पेश गरेपश्चात गरिने ।

**अनुदान प्रदान गर्ने आधारहरुः** कक्षामा पठनपाठन हुने विषयहरुको संख्या र कक्षा १-८ मा रहेका विद्यार्थी संख्यालाई विद्यालयहरुले प्राप्त गर्ने अनुदानको आधार बनाईनेछ। कक्षा १-८ मा रहेका प्रतिविद्यार्थी रु १२५ र कक्षा १-८ मा पढाई हुने प्रतिविषयको रु २२५ को दरले हुन आउने रकम अनुदानस्वरुप विद्यालयको खातामा निकासा गरिने छ।

**अन्य व्यवस्थाः** यस मापदण्डमा नभएका अन्य व्यवस्था शिक्षा तथा मानवस्रोत विकास केन्द्रको सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना सहजीकरण पुस्तिका २०७९ बमोजिम हुनेछ।

**आज्ञाले**
**कृष्णहरि पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**